# बेनी नगरपालिकाको विनियोजन ऐन, २०७६

## बेनी नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

**प्रस्तावना:** बेनी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनी नगरपालिकाको नगरसभावाट पारित भै यो ऐन लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "बेनी नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२,९५,९८,०००।- ( अक्षेरुपी बाउन्न करोड पञ्चानव्वे लाख अन्ठानव्वे हजार रुपैयाँ मात्र ) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त  नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले वचत हुने शीर्षकवाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतवाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको  भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्वन्धित )

नेपालको संविधान, २०७२ को धारा २२९ (२) वमोजिम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आन्तरिक आय | ३०३००००० | ० | | ३०३००००० |
| २ | | वित्तिय समानीकरण | ० | १३३६९५००० | | १३३६९५००० |
| ३ | | राजश्व बांडफाड | ५१७००००० | ४०००३००० | | ९१७०३००० |
| ४ | | विषयगत शाखा शसर्त | २४९९००००० | ० | | २४९९००००० |
| ५ | | सडक बोर्ड कार्यक्रम | | ४०००००० | | ४०००००० |
| | | गत आ.व.को अ.ल्या. | | २००००००० | | २००००००० |
| | | **कूल जम्मा** | **३३१९००००००** | **१९७६९८०००** | | **५२९५९८०००** |

| आर्थिक बर्ष २०७६/७७ को लागि प्रस्तावित बार्षिक बजेट | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | आम्दानी शीर्षक | रकम | सि.नं. | खर्च शीर्षक | रकम रु |
| १ | **आन्तरिक आय** | ३०३००००० | **१** | **आन्तरिक आय तर्फको** | |
| २ | **वाह्य आय** | | १.१ | चालु खर्च | ३०३००००० |
| २.१ | वित्तिय समानीकरण | १३३६९५००० | १.२ | पुंजीगत खर्च | ० |
| २.२ | सशर्त अनुदान | २४९९००००० | **२** | **राजश्व वाँडफाँड** | |
| २.३ | राजश्व वाँडफाँड | ९१७०३००० | २.१ | चालु खर्च | ५१७००००० |
| ३ | **सडक वोर्डवाट प्राप्त आम्दानी** | ४०००००० | २.१.१ | पुंजीगत खर्च | ४०००३००० |
| ४ | **गत आ.व.को अ.ल्या.** | २०००००००० | **३** | **वित्तिय समानीकरण** | |
| | | | ३.१ | पुंजीगत खर्च | १०८६९५००० |
| | | | ३.२ | समपुरक कोष पूँजीगत | २५००००००० |
| | | | **४** | **सडक वोर्डवाट प्राप्त आम्दानी पूँजीगत** | ४०००००० |
| | | | **५** | **सशर्त अनुदान चालु** | २४९९००००० |
| | | | **६** | **गत आ.व.को अ.ल्या.पूँजीगत** | २०००००००० |
| | **जम्मा** | ५२९५९८००० | | **जम्मा** | ५२९५९८००० |